नेपाल सरकार

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं ४८६

मितिः२०८३/०२/२७

ने.सं. ११४६

श्री गाउँपालिका सबै,

श्री नगरपालिका सबै।

विषयः हस्तान्तरण भएका तथा निर्माणाधीन पूर्वाधार परियोजनाहरुको प्रतिवेदन सम्वन्धमा।

प्रस्तुत विषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, भौतिक पूर्वाधार विकास शाखाको प.सं.०८२/८३ च.नं.५०७९ मिति २०८३/०२/२१ को पत्र मार्फत स्थानीय तहबाट आर्थिक वर्ष २०८१/८२ मा निर्माण सम्पन्न भई हस्तान्तरण भएका/ लिइएका र चालू आर्थिक वर्ष २०८२/८३ मा निर्माणाधीन रहेका आयोजना तथा भौतिक पूर्वाधारहरुको गुणस्तर सुनिश्चित गर्ने/ गराउने सम्वन्धी भए गरेको कार्यप्रगति हाल सम्म प्राप्त हुन नसेकोले आवश्यक समन्वय र सहजीकरणको लागि अनुरोध भई आएकोले सोको कार्यप्रगति प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, भौतिक पूर्वाधार विकास शाखामा उपलव्ध गराउनुहुन निर्णयानुसार अनुरोध छ ।

प्रकाश पन्थी

शाखा अधिकृत

बोधार्थः

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,

भौतिक पूर्वाधार विकास शाखा, सिंहदरवार काठमाडौं ।

श्री सूचना प्रविधि शाखाः वेवसाइटमा अपलोड गरिदिनुहुन ।

सिंहदरबार, काठमाण्डौं फोन नं.- ४२००३०४

ईमेल:- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np

वेवसाईट:- www.mofaga.gov.np

CamScanner

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

भौतिक पूर्वाधार विकास शाखा

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या:- ०८२/८३
च.नं.:- ५०७९

मितिः २०८३/०२/२१

श्री भुमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं

४२१
२।२५

ले.ना.प्र.
१५६४
२।२६

विषय- प्रतिवेदन उपलब्ध गराउने सम्बन्धमा ।

प्रस्तुत विषयमा यस कार्यालयको मिति २०८३/०१/२५ को प.सं.०८२/८३, च.नं. १८ को पत्रानुसार तहाँबाट स्थानीय तहहरुलाई सहजीकरण गर्ने विषयको "हस्तान्तरण भएका तथा निर्माणाधीन पूर्वाधार परियोजनाहरुको गुणस्तर चेकजांच महिना अभियान संचालन" सम्बन्धि व्यहोरा अवगत भएकै छ ।सो अभियान अन्तर्गत भए/गरेका कार्यप्रगतिको हालसम्म विवरण प्राप्त नभएकाले तहाँबाट आवश्यक समन्वय र सहजीकरण गरी यथाशीघ्र उपलब्ध गराईदिनुहुन आदेशानुसार अनुरोध छ ।

सादर अवगतार्थ

सम्माननीय प्रधानमन्त्रीज्यूको निजी सचिवालयः जानकारीको लागि अनुरोध छ।
श्रीमान मुख्य सचिवज्यूको सचिवालयः जानकारीको लागि अनुरोध छ।

२०८३/०२/२१
बन्दना कुमारी
शाखा अधिकृत

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं.: २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np

CamScanner